कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस्।)

वर्ष: २६ अंक: १२१ वि.सं. २०८३ कार्तिक १२ बिहिवार नेपाल संवत्: ११४६, कार्तिक कृष्ण चतुर्थी Thursday 29 October 2026 yugaawhan@gmail.com पृष्ठ: ४ मूल्य: ५ ।-

मुगुको उर्जा विकास कार्यालयका तत्कालीन प्रमुखविरुद्ध भ्रष्टाचार मुद्दा

युग संवाददाता

सुर्खेत, ११ कार्तिक ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुगुको खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालयका तत्कालीन कार्यालय प्रमुख राजीव रिमालसहित तीनजना र परामर्शदाता एलाइड इन्जिनियरिङ प्रालिविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। उनीहरूले ३९ लाख ४० हजार तीन सय नौ रुपैयाँबराबरको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोप लगाउँदै अख्तियारले बुधबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो।

अख्तियारले मुद्दा दायर गरेका अन्यमा मुगुको खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालयका तत्कालीन लेखापाल रुनबहादुर सेजुवाल, काठमाडौंको नयाँ बानेश्वरमा कार्यालय रहेको परामर्शदाता एलाइड इन्जिनियरिङ प्रा.लि. र उक्त कम्पनीका प्रबन्ध निर्देशक चन्द्रबहादुर बुढा छन्।

बाँकी ३ पेजमा

हिमाली क्षेत्रमा नजान पर्यटक तथा पर्वतारोहीलाई विभागको आग्रह

युग संवाददाता

काठमाडौं, ११ कार्तिक ।

पर्यटन विभागले यही कात्तिक ११ देखि १५ गतेसम्म देशका विभिन्न स्थानमा भारी वर्षा तथा हिमाली क्षेत्रमा हिमपात र हिमपहिरोको जोखिम रहेको भन्दै उच्च हिमाली क्षेत्रमा नजान पर्यटक तथा पर्वतारोहीलाई आग्रह गरेको छ। नेपाल मौसम विज्ञान विभागको मौसम बुलेटिनअनुसार उक्त अवधिमा मेघगर्जन, चट्याङ र हुरीबताससहित भारी वर्षा हुनसक्ने सम्भावना छ।

वर्षाका कारण बाढीपहिरो तथा भूक्षयको जोखिम बढ्नुका साथै हिमाली क्षेत्रमा हिमआँधी र हिमपहिरो जान सक्ने पूर्वानुमान गरिएको छ। प्रतिकूल मौसमले पदयात्रा तथा हिमाल आरोहण प्रभावित हुनसक्ने भएकाले उच्च हिमाली क्षेत्रमा नजान र त्यहाँ पुगिसकेका पर्वतारोही तथा पदयात्रीलाई सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ। साथै, आधिकारिक निकायबाट जारी हुने मौसमसम्बन्धी अद्यावधिक सूचनाका आधारमा यात्रा योजना बनाउन आग्रह गरिएको छ। त्यसैगरी, खुम्बु, मनाङलगायतका हिमाली क्षेत्रमा तथा काठमाडौं र पोखरास्थित स्वास्थ्य संस्थामा उच्च हिमाली क्षेत्रमा देखिने स्वास्थ्य समस्या (एक्युट माउन्टेन सिकनेस) को उपचार सेवा सहज र निरन्तर उपलब्ध गराउन विभागले सम्बन्धित निकायलाई अपिल गरेको छ।

३२ औं वार्षिक साधारणसभा सम्बन्धि सूचना

स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि. वीरेन्द्रनगर ४, सुर्खेतको संचालक समितिको मिति २०८३ साल भाद्र २८ गते बसेको बैठकको निर्णय नम्बर ०२ बमोजिम संस्थाको ३२ औं चुनावी साधारणसभा आगामी मिति २०८३ साल कात्तिक १४ गते शनिबार, विहान ठिक १०:३० बजेदेखि संस्थाकै कार्यालय परिसरमा सभ्य, भव्य र विश्वसनिय रूपमा संचालन गर्ने निर्णय भएको हुदा सम्पुर्ण शेयर सदस्यज्यूहरूलाई अनिवार्य उपस्थितीका लागि सूचना मार्फत जानकारी गरिन्छ।

संस्थाले मिति २०८३ असोज ०६ गतेको लिखित पत्राचार मार्फत सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई वार्षिक साधारणसभामा उपस्थित हुन जानकारी गरीसकेको छ। यदि शेयर सदस्यज्यूहरूले जानकारी नपाउनुभएको भए यसै सुचनालाई आधार मानी उल्लेखित कार्यक्रममा सहभागीताका लागि अनुरोध छ। ३२ औं वार्षिक साधारणसभामा उपस्थितीका लागि शेयर सदस्यता खुल्ने प्रमाणपत्र (शेयर प्रमाण पत्र, पासबुक, साधारणसभा पत्र) ल्याउनु पर्नेछ।

स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वीरेन्द्रनगर-४, कुमाईचोक सुर्खेत

सम्पर्क नम्बर : ०८३५२२३४६

कर्णालीमा कसरी गर्दैछ देउवा समूहले १५ औं महाधिवेशनको तयारी ?

थापा समूहले १५ औं नियमित महाधिवेशन सम्पन्न गरी नयाँ केन्द्रीय समिति चयन गर्दा देउवा समूह पनि समानन्तर महाधिवेशनको देशव्यापी तयारी गरिरहेको छ । दुई ध्रुवमा अभिएको कांग्रेस सानेपाको नेतृत्व गगनले गर्दा चुनदेवीको नेतृत्व तत्कालिन सभापति देउवाले गरिरहेका छन् । तर, उनीहरु अहिलेसम्म पनि चार तारे भण्डा र चुनाव चिन्ह रुखमै गोलवद्ध भएको सन्देश दिइरहेका छन् । सभापति थापा समूहले १८ असोज २०८३ मा १५ औं नियमित महाधिवेशन उद्घाटन गऱ्यो, जहाँ कांग्रेस एकजुट थिएन ।

ओम शाही

सुर्खेत, ११ कार्तिक ।

२३-२४ भदौ २०८२ को जेन-जी आन्दोलनपछि नेपाली कांग्रेसमा नेतृत्व हस्तान्तरणको विषय पेचिलो बन्यो। तत्कालिन कांग्रेस सभापति शेरबहादुर देउवा घटकले महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मालाई पेलेरै लैजाने नीति अवलम्बन गरे।

विशेषगरी जेन-जी पुस्ताले सुशासन कायम, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना लगायतका विषय उठाएर थालेको सडक आन्दोलन घातक विद्रोहमा परिणत भएपछि आफुलाई परम्परागत बलियो शक्ति ठान्ने कांग्रेसलाई मात्र होइन अन्य दललाई पनि ठुलो झट्का दियो। आन्दोलन लगत्तै २१ फागुनमा भएको चुनावले पुराना दललाई निकै सानो साइजमा सीमित पाऱ्यो।

जेन-जी युवाहरुको विद्रोहपछि थापा र शर्माले कांग्रेसभित्र नियमित महाधिवेशन गरेर नेतृत्व बदल्नुपर्ने निष्कर्ष निकालेका थिए। तर, अन्तिम समयसम्म पनि देउवा समूह टसकोमस नभएपछि थापा र शर्माको नेतृत्वमा भएको विशेष महाधिवेशले अन्ततः देउवा नेतृत्वको कार्यसमितिलाई अपदस्त गऱ्यो।

जेन-जी विद्रोहमा घाइते भएका देउवा लगत्तै पार्टी उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवहाक दिएर सिंगापुर उडे।

देउवाको अनुपस्थितीमा कांग्रेस मिलाउने जिम्मेवारी पाएका खड्काले थालेको प्रयास सफल नभएपछि अन्ततः थापा विशेष महाधिवेशनबाट सभापतिमा अनुमोदन भएका थिए। यति मात्रै होइन थापा समूहले २१ फागुनको निर्वाचनपछि गएको १८ असोजमा सुरु गरेर नियमित महाधिवेशनसमेत सम्पन्न गरिसकेको छ।

थापा समूहले १५ औं नियमित महाधिवेशन सम्पन्न गरी नयाँ केन्द्रीय समिति चयन गर्दा देउवा समूह पनि समानन्तर महाधिवेशनको देशव्यापी तयारी गरिरहेको छ। दुई ध्रुवमा उभिएको कांग्रेस सानेपाको नेतृत्व गगनले गर्दा चुनदेवीको नेतृत्व तत्कालिन सभापति देउवाले गरिरहेका छन्।

तर, उनीहरु अहिलेसम्म पनि चार तारे भण्डा र चुनाव चिन्ह रुखमै गोलवद्ध भएको सन्देश दिइरहेका छन्। सभापति थापा समूहले १८ असोज २०८३ मा १५ औं नियमित महाधिवेशन उद्घाटन गऱ्यो, जहाँ कांग्रेस एकजुट थिएन।

तत्कालिन संस्थापन पक्ष रहेका देउवा समूहले आयोजना गरेको १५ औं महाधिवेशनको मिति नजिकिदै जाँदा कर्णालीका पाँच जिल्लामा मात्रै वडादेखि जिल्ला तहको नेतृत्व चयन भएको छ। देउवा पक्षको १५औं केन्द्रीय महाधिवेशन आगामी मंसिर २१ देखि २३ गतेसम्म काठमाडौंमा हुँदै छ।

पार्टीको केन्द्रीय कार्यतालिका अनुसार वडा, पालिका, क्षेत्रिय र जिल्ला अधिवेशन सम्पन्न हुन अब चार दिन बाँकी छ।



पाँच जिल्लामा मात्रै अधिवेशन सम्पन्न

महाधिवेशन कार्यतालिका अनुसार १५ कार्तिकभित्र वडादेखि जिल्ला तहको अधिवेशन सम्पन्न भइसक्नु पर्नेहुन्छ। तर, कर्णालीका पाँच जिल्लाको अधिवेन सम्पन्न हुँदा पाँच मध्ये अधिकांश जिल्लामा वडा र पालिका र क्षत्रिय तहको अधिवेशन हुन बाँकी छ।

देउवा समूहले हालसम्म कालिकोट, मुगु, जुम्ला, रुकुम पश्चिममा अधिवेशनबाट वडादेखि पालिका र जिल्ला नेतृत्व चयन गरेको छ। अधिवेशनबाट कालिकोट सभापतिमा नगिन्द्र विष्ट, मुगुमा तिलक मल्ल, हुम्लामा सूर्य शाही, रुकुम पश्चिममा नन्दबहादुर विष्ट र जुम्लामा नेत्रकला शाही निर्वाचित भएका छन्।

देउवा पक्षीय नेता तथा कालीकोट जिल्लाको अधिवेशन गराउने जिम्मेवारी पाएका तत्कालिक कांग्रेसका कर्णाली प्रदेश प्रवक्ता दमनबहादुर शाहीका अनुसार बाँकी जिल्लामा वडा, पालिका र जिल्ला अधिवेशनको तयारी अन्तिम चरणमा पुगेका दावी गरे। बाँकी रहेका जिल्लामा तोकिएकै मितिमा अधिवेशन सम्पन्न गरेर प्रदेश अधिवेशनतर्फ केन्द्रित हुन लागिएको दावी शाहीको छ।

'पाँच जिल्लामा अधिवेशन सम्पन्न भएको छ। बाँकी जिल्लामा पनि तोकिएकै समयमा अधिवेशन सम्पन्न हुन्छ,' शाहीले भने। उनले पछिल्लो समय आफ्नो समूहमा महाधिवेशनको माहोल बन्दै गएको समेत दावी गरे। शाहीले कर्णालीमा देउवा समूहको अधिवेशन ठिकठाक चलिरहेको दावी गरेपनि कुनै समय देउवाका नजिक रहेकाहरु थापा पक्षमा खुलेपछि भने सकस भइरहेको छ।

यसै कारण पनि कर्णालीमा देउवा समूहको महाधिवेशन तयारी फरक ढङ्गबाट चलिरहेको छ। यसअघि देउवाको दाहिने हात मानिने पूर्णबहादुर खड्का न्यूट्रल देखिएपछि कर्णालीमा देउवा पक्षलाई अधिवेशन सञ्चालनमा सकस भइरहेको छ। खड्काले पार्टीको आधिकारिकता विषय लिएर अदालत गएकाले नैतिक हिसावले न थापाको पक्षमा लाग्ने न त देउवालाई नै साथ दिने छनक नदेखाएपछि उनी पक्षिय कर्णालीका अधिकांश नेता तथा कार्यकर्ता हालै सम्पन्न महाधिवेशनमा खुलिसकेका छन्।

जसका कारण खड्काको गृह जिल्ला सुर्खेतमा वडा, पालिका, क्षेत्रिय तथा जिल्ला तहको अधिवेशनमा ठुलो प्रभाव परेको बताइन्छ। जाजरकोट, सल्यान लगायतका जिल्लामा पनि यसको प्रभाव परेको छ। यी जिल्लामा तोकिएको समयमा अधिवेशन नहुने देखिएपछि समय थप गरेर अघि बढ्ने तयारी प्रदेश समितिले गरिरहेको देउवा समूहका एक नेताको दावी छ।

बाँकी ३ पेजमा



सम्पादकीय....

एनपीएलले जगाएको क्रिकेट संस्कृति

सुर्खेतको वीरेन्द्रनगरस्थित घण्टाघर डबलीमा पछिल्ला दिनमा देखिएको दृश्य नेपाली क्रिकेटको बढ्दो प्रभावको सशक्त प्रतीक बनेको छ। जिल्ला बाहिरका तथा स्थानीय खेलप्रेमीसम्म एउटै स्क्रिनअगाडि उभिएर कर्णाली याक्सको समर्थनमा हुटिङ गरिरहेको दृश्यले खेल अब रंगशालाको चार किल्लाभित्र मात्र सीमित छैन, सार्वजनिक जीवनको साझा उत्सव बनिसकेको पुष्टि गर्छ। नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणमा सात प्रदेशका प्रमुख सहरमा निःशुल्क लाइभ स्क्रिनको व्यवस्था गरिनुले खेलप्रेमीका लागि नयाँ सम्भावनाको ढोका खोलेको छ। त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानसम्म पुग्न नसक्ने विद्यार्थी, विपन्न नागरिक र कामकाजी वर्गले आफ्नै सहरमा बसेर प्रत्यक्ष प्रसारणको रोमाञ्च अनुभव गर्न पाएका छन्। यसले आर्थिक र भौगोलिक दूरीलाई केही हदसम्म छोट्याएको छ। टिकट, यात्रा र बसाइँको खर्चले रोकिएका समर्थकलाई सार्वजनिक स्क्रिनले खेलसँग जोड्ने माध्यम बनाएको छ।

कर्णाली जस्तो प्रदेश, जहाँ खेलकुद पूर्वाधारको अभाव लामो समयदेखि चुनौती बनेको छ, त्यहाँ घण्टाघर डबलीमा देखिएको सहभागिता अझ अर्थपूर्ण छ। यसले यहाँ क्रिकेटप्रतिको गहिरो रुचि र सम्भावना उजागर गरेको छ। आफ्नो टोलीको सफलता वा असफलतामा सयौँ समर्थकले एउटै भावनामा जोडिनु सामाजिक एकता र साझा अपनत्वको सकारात्मक उदाहरण पनि हो। सार्वजनिक स्थानमा प्रविधिमार्फत खेलकुदको पहुँच विस्तार गर्नु मनोरञ्जनको विषय मात्र होइन, भावी पुस्ताको खेल संस्कार निर्माण गर्ने माध्यम पनि हो। खुला वातावरणमा हुने यस्तो प्रसारणले बालबालिका र युवामा खेलप्रतिको आकर्षण बढाउने आधार तयार गर्छ। खेल हेर्ने संस्कृतिसँगै खेल्ने संस्कृतिको विकासमा पनि यसले योगदान पुऱ्याउन सक्छ।

यसको अर्को सकारात्मक पक्ष स्थानीय अर्थतन्त्रमा देखिएको चलायमानता हो। खेल सुरु भएसँगै घण्टाघर वरपरका चिया पसल, खाजा घर र साना व्यवसायीको व्यापार बढेको अनुभवले खेलकुदले स्थानीय आर्थिक गतिविधिलाई पनि चलायमान बनाउन सक्ने देखाएको छ। सीमित स्रोत र पूर्वाधारका बीच सुरु भएको एनपीएलले छोटो समयमै अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरिसकेको छ। विश्वस्तरीय खेलाडीको सहभागिताले नेपाली क्रिकेटको उचाइ बढाइरहेको छ भने घण्टाघर डबलीजस्ता सार्वजनिक स्थलले त्यसको उत्साह गाउँ-सहरसम्म पुऱ्याइरहेका छन्। अब यस्ता प्रयासलाई अस्थायी अभियानमा सीमित नराखी दीर्घकालीन सार्वजनिक खेल संस्कृतिका रूपमा विस्तार गर्नु आवश्यक छ। खेलको वास्तविक जित त्यतिबेला हुनेछ, जब मैदानको उत्साह प्रत्येक सार्वजनिक चोकमा, प्रत्येक पुस्तामा र प्रत्येक नागरिकको साझा अनुभवमा रूपान्तरण हुनेछ।

आधुनिकीकरणको छायाँमा रैथाने ज्ञान



होमकाजी आचार्य

“खस-आर्य समुदायमा बाटोछेउ चौतारी बनाउने, वर-पिपल रोप्ने र तिनलाई सामाजिक तथा धार्मिक जीवनसँग जोड्ने चलन थियो

तामाङ गाउँबस्तीमा जन्मदेखि घेवा (मृत्यु संस्कार) सम्मका संस्कारमा आवश्यक पर्ने टोटलाको फूल अर्थात् ‘कोकोमेन्दो’ खोज्ने ताम्बाहरू भेटिन छाडेका छन्। किरात बस्तीमा मुन्धुमी अनुष्ठानका लागि चाहिने सुगन्धित ‘ काहुलो’ चिन्ने नछुड्हरूको सङ्ख्या घट्दै गएको छ। उच्च हिमालीखर्कमा भैंडा गोठसँगै ‘बिख’ र ‘बिखुमा’को भेद छुट्याउन जान्ने गोठालाहरूको अनुभवजन्य ज्ञान पुस्तान्तरण हुन सकेको छैन। आँगनका तुलसीका मठ र कान्लाका चाबो कङ्क्रिटले पुरिँदै गएका छन्। नेपाली समाजले आधुनिकीकरणका नाममा गुमाउँदै गएको कुरा पुराना चालचलनमा मात्र सीमित छैन। संस्कृतिसँगै विकसित भएका औषधीय वनस्पतिसम्बन्धी ज्ञान, अनुभवमा आधारित विज्ञान र आत्मनिर्भर जीवनशैलीका आधारसमेत कमजोर हुँदै गएका छन्।

संस्कृति कमजोर हुँदा वनस्पति कसरी मासिन्छ ?

हाम्रो समाजमा संस्कृति र प्रकृतिको सम्बन्ध अन्योन्याश्रित छ। कुनै समुदायको मौलिक संस्कार बदलिँदा वा छोडिँदा त्यससँग जोडिएका वनस्पतिको प्रयोग, रोपण, संरक्षण र पुस्तान्तरणको अभ्यास पनि कमजोर हुन्छ। त्यसैले सांस्कृतिक परिवर्तनलाई जैविक विविधतामाथि पर्ने प्रभावबाट अलग राखेर हेर्न मिल्दैन। तामाङ समुदायमा ‘ कोकोमेन्दो’ केवल फूल मात्र नभई पुर्खा, संस्कार र प्रकृतिबीचको सम्बन्धको प्रतीक मानिन्छ। टोटलाका विभिन्न भाग परम्परागत रूपमा औषधीय प्रयोजनमा प्रयोग हुँदै आएका छन्। परम्परागत प्रयोगको इतिहास हुनु र त्यसको औषधीय प्रभाव वैज्ञानिक परीक्षणबाट प्रमाणित हुनु फरक कुरा हुन्।

बजारमा उपलब्ध कृत्रिम फूलको प्रयोग बढ्दै जाँदा संस्कारका लागि टोटला खोज्ने, रोप्ने र संरक्षण गर्ने अभ्यास कमजोर हुँदै गएको छ। सांस्कृतिक माग घट्दा त्यसको संरक्षणमा समुदायको चासो पनि घट्दै गएको छ। पूर्वी पहाडका किरात (राई र लिम्बू) समुदायमा नछुड र फेदाङ् माले विभिन्न अनुष्ठानमा वनस्पति प्रयोग गर्ने परम्परा छ। ‘काहुलो’ पनि कतिपय स्थानीय अभ्यासमा महत्वपूर्ण मानिन्छ। यससँग सम्बन्धित परम्परागत ज्ञानलाई समुदायको अनुभव र स्मृतिका आधारमा अभिलेखित गर्न आवश्यक छ। यसको औषधीय गुणबारे वैज्ञानिक निष्कर्ष निकाल्न भने वनस्पतिको सही पहिचान, रासायनिक विश्लेषण, प्रयोगशालामा परीक्षण र आवश्यकताअनुसार थप अनुसन्धान गर्नुपर्छ। मुन्दुमी चेतना र अनुष्ठानसँग जोडिएको ज्ञान पुस्तान्तरण कमजोर हुँदा यस्तो वनस्पति चिन्ने र यसको उपयोगबारे जान्ने व्यक्तिको सङ्ख्या पनि घट्दै गएको छ।

खस-आर्य समुदायमा बाटोछेउ चौतारी बनाउने, वर-पिपल रोप्ने र तिनलाई सामाजिक तथा धार्मिक जीवनसँग जोड्ने चलन थियो। ती विशाल रुखले वातावरणीय सन्तुलन, शीतल छायाँ, चराचुरुङ्गीको वासस्थान र सामुदायिक भेटघाटका लागि महत्वपूर्ण भूमिका खेल्थे। वर, पिपल र तुलसीका विभिन्न परम्परागत उपयोगसम्बन्धी ज्ञान पनि पुस्तान्तरण हुँदै आएको छ। त्यसैगरी, कतिपय स्थानीय समुदायमा ‘चाबो’ भनेर चिनिने वनस्पति घरेलु उपचारमा प्रयोग गरिन्छ। यसको सही वनस्पतिगत पहिचान र औषधीय प्रभावबारे थप अनुसन्धान आवश्यक छ।

सडक विस्तार, अव्यवस्थित निर्माण र सिमेन्टका आँगनको विस्तारले चौतारी, तुलसीका मठ र घर वरपरका उपयोगी वनस्पतिका लागि उपलब्ध ठाउँ घटाउँदै लगेका छन्। तराईका थारू समुदायमा गुरुवा र भर्राजस्ता परम्परागत उपचारकले विभिन्न वनस्पति प्रयोग गर्ने ज्ञान पुस्तौँदेखि जोगाउँदै आएका छन्। ‘सतवरिया’ र ‘हरैया’ जस्ता स्थानीय नामले चिनिने वनस्पतिको पहिचान क्षेत्रअनुसार फरक हुनसक्ने भएकाले तिनको वैज्ञानिक पहिचान स्पष्ट पार्नु महत्वपूर्ण छ।

कृषि क्षेत्रमा रासायनिक विषादीको अत्यधिक प्रयोग, प्राकृतिक वासस्थानको विनाश र अव्यवस्थित सङ्कलनले कतिपय उपयोगी वनस्पति लोपोन्मुख अवस्थामा पुग्दै गएको छ। त्यसैगरी, विभिन्न समुदायमा जाँड-रक्सी बनाउन प्रयोग हुने ‘मर्चा’ रैथाने जैविक ज्ञानको एउटा उदाहरण हो। यसको निर्माणमा सूक्ष्म जीव, स्थानीय कच्चापदार्थ र समुदायमा पुस्तौँदेखि विकसित भएको अनुभवजन्य सीपको भूमिका हुन्छ। व्यावसायिक रूपमा उत्पादित खमिरको प्रयोग बढ्दै जाँदा परम्परागत मर्चा बनाउने विधि र त्यससँग जोडिएका स्थानीय ज्ञान ओझेलमा पर्नसक्छ। यससँग सम्बन्धित वनस्पति तथा सूक्ष्म जीवको पहिचान र प्रयोगबारे व्यवस्थित अभिलेखीकरण आवश्यक छ।

परम्परागत औषधीय ज्ञान र वैज्ञानिक परीक्षण

पुर्खाले वनजङ्गलमा उपलब्ध वनस्पति, जडीबुटी र प्राकृतिक पदार्थको प्रयोगबाट रोगव्याधिको उपचार गर्ने क्रममा अनुभवमा आधारित ज्ञान विकास गरेका थिए। लामो समयसम्म गरिएका प्रयोग, तिनका परिणामको अवलोकन र पुस्तान्तरणबाट कतिपय उपचार पद्धति समुदायमा स्थापित भए। आज पनि यस्तो ज्ञान ग्रामीण जीवन, सांस्कृतिक पहिचान र औषधीय अनुसन्धानका लागि महत्वपूर्ण स्रोत हुन सक्छ।

परम्परागत रूपमा कुनै वनस्पति प्रयोग हुँदै आएको छ भन्दैमा त्यसले सबै अवस्थामा सम्बन्धित रोग निको पार्छ भन्ने निष्कर्ष निकाल्न मिल्दैन। त्यसैगरी कुनै वनस्पतिको औषधीय सम्भावना देखिनु र त्यसबाट तयार गरिएको औषधि मानिसमा सुरक्षित तथा प्रभावकारी प्रमाणित हुनु पनि फरक कुरा हुन्। त्यसैले पुर्खाको अनुभवलाई अस्वीकार गर्ने होइन, त्यसलाई वैज्ञानिक अध्ययनका लागि महत्वपूर्ण आधारका रूपमा लिनुपर्छ।

नेपालमा औषधीय वनस्पतिबारे अध्ययन र अनुसन्धान गर्ने सरकारी निकायमध्ये वनस्पति विभाग महत्वपूर्ण छ। विभागले औषधीय तथा सुगन्धित वनस्पतिसम्बन्धी अनुसन्धान, पहिचान, अभिलेखीकरण र वैज्ञानिक जानकारीको विकासमा काम गर्दै आएको छ। यसका अनुसन्धान सामग्रीमा वनस्पतिको पहिचान, रासायनिक तत्व र औषधीय सम्भावनासम्बन्धी विवरण खोज्न सकिन्छ। परम्परागत रूपमा प्रयोग हुँदै आएका केही वनस्पतिमाथि औषधीय गतिविधिको परीक्षण पनि गरिएको छ। उपलब्ध अध्ययनले केही परम्परागत प्रयोग र औषधीय अनुसन्धानबीच समानता देखाए पनि सबै वनस्पति र सबै उपचार विधिको प्रभावकारिता प्रमाणित भइसकेको अवस्था छैन।

सिंहदरबार वैद्यखानाजस्ता सरकारी आयुर्वेदिक औषधि उत्पादन गर्ने संस्थाले च्यवनप्राश, त्रिफला चूर्ण, तुलसी चियालगायतका उत्पादन बनाउँदै आएका छन्। यसले वनस्पति तथा अन्य प्राकृतिक द्रव्यमा आधारित परम्परागत औषधि निर्माणको संस्थागत अभ्यासलाई देखाउँछ। कुनै सरकारी संस्थाले जडीबुटीजन्य औषधि उत्पादन गर्छ भन्ने आधारमा यहाँ उल्लेख गरिएका टोटला, काहुलो, चाबो, बिख-बिखुमा वा हाडजोरा सबै त्यस्ता औषधिका कच्चापदार्थ हुन् भन्ने निष्कर्ष निकाल्नु उचित हुँदैन। त्यसका लागि प्रत्येक वनस्पतिको वैज्ञानिक पहिचान र सम्बन्धित औषधिको प्रमाणित उत्पादन विवरण आवश्यक हुन्छ।

यसर्थ परम्परागत ज्ञानको संरक्षण र वैज्ञानिक प्रमाणको खोजलाई एकअर्काको विरोधीका रूपमा होइन, परिपूरक प्रक्रियाका रूपमा बुझ्नुपर्छ। पुर्खाको अनुभवमा आधारित उपचार पद्दतिलाई अभिलेखीकरण गर्ने, त्यसमा प्रयोग हुने वनस्पतिको पहिचान गर्ने, उपयोगी सम्भावनाको अनुसन्धान गर्ने र जोखिमपूर्ण प्रयोगलाई रोक्ने काम सँगसँगै अघि बढाउनुपर्छ। यसो गर्दा समुदायमा रहेको ज्ञानलाई सम्मान गर्दै त्यसको सुरक्षित र विवेकपूर्ण उपयोगको बाटो खुल्छ।

गोठ र घरेलु शिल्पको पतन

कुनै जीवनशैली हराउँदा त्यससँग जोडिएको लामो अनुभव र ज्ञान कसरी विलीन हुनसक्छ भन्ने उदाहरण नेपालको गोठ तथा घरेलु शिल्प संस्कृतिमा देखिन्छ। उच्च पहाडी भेगका भैंडा गोठालाहरूले जङ्गल र खर्कमा पाइने विभिन्न वनस्पति, तिनको उपयोग तथा सम्भावित विषाक्तताबारे अनुभवका आधारमा ज्ञान विकास गरेका थिए। ‘बिख’ र ‘ बिखुमा’ भनेर चिनिने वनस्पतिबीचको भेद छुट्याउने ज्ञान पनि कतिपय स्थानीय परम्परामा पाइन्छ। यी नामले कुन-कुन प्रजातिलाई जनाउँछन् भन्ने कुरा पहिचान नगरी तिनको विषाक्तता वा प्रतिविषका रूपमा प्रयोगबारे निश्चित निष्कर्ष निकाल्न मिल्दैन। नयाँ पुस्ताले भेडापालन छाड्दै जाँदा खर्कमा विकसित भएको वनस्पतिसम्बन्धी अनुभवजन्य ज्ञान हराउने जोखिम बढेको छ।

भेडापालन घट्नु, ऊनको उत्पादन कम हुनु र बजारिया कपडाको पहुँच बढ्नुले परम्परागत बुनाइमा समेत प्रभाव पारेको छ। गुरुङ, मगर, शेर्पा र खस समुदायमा विभिन्न रूपमा प्रचलित ‘राडी-पाखी’, ‘लुङ्गी’ र जाडोमा प्रयोग गरिने बाक्ला ऊनी कपडा बुन्ने सीपलाई बजारिया कृत्रिम रेसाका कपडाले चुनौती दिएका छन्। यसले परम्परागत तान, धागो तयार गर्ने प्रविधि र स्थानीय सामग्रीको उपयोगसँग जोडिएको ज्ञान कमजोर बनाएको छ। तराई र मध्यपहाडका कतिपय क्षेत्रमा कपास खेती घट्दै जाँदा चर्खाबाट धागो काट्ने र हातेतानमा कपडा बुन्ने परम्परा पनि कमजोर भएको छ। ग्रामीण जीवनका आधार मानिने बाँस र निगालोबाट डोको, डालो, मान्द्रो, भकारी र पेरुङ्गो बनाउने सीपले प्लास्टिकका सामग्रीसँग प्रतिस्पर्धा गर्नुपरेको छ। चोयाबाट हलुका, उपयोगी र टिकाउ सामग्री बनाउने यो सीपले उचित श्रममूल्य नपाउँदा नयाँ पुस्तामा यसको आकर्षण घट्दै गएको छ। कुमालेले माटो मुछेर घैंटो, हाँडी र पाला बनाउने परम्परागत प्रविधिलाई धातु तथा प्लास्टिकका भाँडाको विस्तारले चुनौती दिएको छ। माटाका भाँडाको उपयोगिता तिनको बनोट, प्रयोग र मर्मतसम्भारमा निर्भर हुन्छ। तिनलाई सबै अवस्थामा आधुनिक भाँडाभन्दा स्वस्थकर भन्न भने मिल्दैन। परम्परागत माटाका भाँडा बनाउने सीप र स्थानीय उत्पादनको सांस्कृतिक महत्व बजारमा पर्याप्त मूल्य पाउन सकेका छैनन्। त्यस्तै, गाउँघरमा हाड भाँचिदा बाँसका कप्टेरा लगाएर अङ्ग स्थिर बनाउने र विभिन्न वनस्पति प्रयोग गर्ने परम्परागत उपचार पद्धति कतिपय ठाउँमा पाइन्थ्यो। ‘ हाडजोरा’वा ‘हडचुर’ भनेर चिनिने वनस्पतिसम्बन्धी ज्ञान पनि स्थानीय उपचार परम्पराको हिस्सा हो। यस्ता अभ्यासको ऐतिहासिक महत्व अभिलेखित गर्नुपर्छ, तर गम्भीर चोटपटकमा आधुनिक चिकित्सकीय परीक्षण र उपचारको विकल्पका रूपमा प्रस्तुत गर्नुहुँदैन। स्वास्थ्य सेवाको विस्तारसँगै परम्परागत उपचारको अनुभवजन्य ज्ञानलाई अभिलेखीकरण र वैज्ञानिक अध्ययन गर्ने काम पनि अघि बढ्नुपर्छ।

रैथाने नश्लको क्षयीकरण

आधुनिकीकरणको प्रभाव वनस्पतिमा मात्र सीमित छैन। स्थानीय पशुपन्छीका नश्ल र तिनलाई पाल्ने परम्परागत प्रणालीमा समेत परिवर्तन आएको छ। पूर्वी पहाडका कतिपय समुदायमा पालिने सानो कदका स्थानीय सुँगुर, जङ्गलछेउ विचरण गर्ने लुइँचे र रैथाने साकिनी कुखुरा स्थानीय हावापानी, आहार र पालन प्रणालीसँग अनुकूलित हुँदै आएका छन्। तिनको तुलनामा व्यावसायिक रूपमा पालिने विदेशी वा उन्नत जातका पशुपन्छीको विस्तारले स्थानीय नश्ल संरक्षणमा चुनौती सिर्जना गर्नसक्छ तर कुनै नश्ल लोप प्रायः भइसकेको वा त्यसको रोगप्रतिरोधी क्षमता समाप्त भएको निष्कर्ष निकाल्न जनसङ्ख्या, प्रजनन् र आनुवंशिक विविधतासम्बन्धी तथ्याङ्क आवश्यक हुन्छ। सुदूरपश्चिमको अछामी नौमुठे गाई र पोखरेली लमे तथा पार्केभैंसीजस्ता स्थानीय पशुजन्य सम्पदाको संरक्षणमा पनि ध्यान दिनुपर्छ। यस्ता नश्लको महत्व दूध वा मासु उत्पादनमा मात्र सीमित हुँदैन।

बाँकी ४ पेजमा

विश्व

इजरायली चुनावमा कसैको स्पष्ट बहुमत नहुने संकेत

जेरुसेलम, ११ कार्तिक (रासस/एपी) ।

इजरायलको आमनिर्वाचनमा प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको गठबन्धन कमजोर देखिएको छ। एक्जिट पोलले उनका प्रतिद्वन्द्वीलाई तुलनात्मक रूपमा बलियो देखाए पनि कुनै पक्षले स्पष्ट बहुमत प्राप्त गर्ने सङ्केत नदेखिएकाले नयाँ सरकार गठनमा अन्योल बढेको छ।

नेतान्याहुको लिकुड पार्टीले सबैभन्दा बढी मत प्राप्त गरेको देखिए पनि उनको धार्मिक तथा राष्ट्रवादी गठबन्धनले संसद्मा ५० देखि ५१ सिट मात्र जित्ने अनुमान छ। पूर्वसेना प्रमुख गदी आइसेनकोटको नेतृत्वमा रहेको विपक्षी समूहले ५१ देखि ५२ सिट प्राप्त गर्न सक्ने एक्जिट पोलको आँकलन छ। संसद्मा बहुमतका लागि १२० मध्ये ६१ सिट आवश्यक पर्छ। अरब नेतृत्वका दलहरूले १९ सिट प्राप्त गर्न सक्ने अनुमान गरिएकाले सरकार गठनमा उनीहरूको भूमिका निर्णायक हुनसक्छ।

निर्वाचन समितिका अनुसार लिकुडले २३.३६ प्रतिशत र आइसेनकोटको याशर पार्टीले १५.७४ प्रतिशत मत प्राप्त गरेका छन्। अन्तिम आधिकारिक परिणाम यसै साताको अन्त्यसम्म आउने अपेक्षा छ।

नेतान्याहुले अरब दलहरूको समर्थनमा सरकार नबनाउने अडान दोहोऱ्याउनुभएको छ भने आइसेनकोटले निश्चित सर्तमा सहकार्य गर्न सकिने सङ्केत दिएका छन्। सहमति नजुटे लामो राजनीतिक वार्ता वा पुनः निर्वाचनको अवस्था आउनसक्छ।

निर्वाचन अभियानमा प्यालेस्टिनी राज्यको विषयले कम प्राथमिकता पाएको थियो। प्रमुख उम्मेदवारहरूले अवरुद्ध शान्ति प्रक्रिया अघि बढाउने प्रस्ताव गरेनन्।

सन् २०२१ मा इजरायली सरकारको गठबन्धनमा सहभागी हुने पहिलो अरब नेतृत्वको दल रामका नेता मन्सुर अब्बासले पनि अरब समुदायमा बढ्दो अपराध र सुरक्षालाई चुनावी मुद्दा बनाएका थियो। सन् २०२३ अक्टोबर ७ मा हमासको आक्रमणमा एक हजार दुई सय जनाको मृत्यु हुनु र २५१ जना बन्धक बनाइनुले पनि निर्वाचनलाई प्रभावित गरेको छ। नेतान्याहुका आलोचकहरूले सुरक्षा विफलताको जिम्मेवारी लिनुपर्ने र स्वतन्त्र छानबिन आयोग गठन गर्नुपर्ने माग गरेका छन्। उनका समर्थकहरूले भने गाजा, लेबनान र इरानसँगका युद्धमा हासिल उपलब्धिको प्रशंसा गरेका छन्।

इरानमा आक्रमणका लागि तयार रहन अमेरिको आग्रह

वासिङ्टन, ११कात्तिक (रासस/सिन्हुवा) ।

अमेरिकाले खाडी क्षेत्रका मुलुकहरूलाई अमेरिकी मध्यावधि निर्वाचनपछि इरानविरुद्ध तीव्र सैन्य कारबाहीका लागि तयार रहन आग्रह गरेको छ। यस विषयमा जानकार व्यक्तिहरूलाई उद्धृत गर्दै ‘वाल स्ट्रिट जर्नल’ ले बुधबार यस्तो समाचार प्रकाशित गरेको हो। उक्त समाचार अनुसार, अमेरिका र इजरायल इरानविरुद्ध अर्को चरणको तीव्र सैन्य कारबाहीको तयारी गरिरहेका छन्। मध्यपूर्वमा रहेका अमेरिकी सेनाले गोलाबारुदको भण्डार पुनः पूर्ति गरिरहेका छन् भने बमवर्षक र लडाकु विमानहरू पनि सम्भावित आक्रमणका लागि तयारी अवस्थामा राखिएका छन्।

इजरायलले पनि सम्भावित नयाँ आक्रमणका लागि योजना तयार पारेको र लक्ष्यहरू पहिचान गरिसकेको जर्नलले जनाएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तिम निर्णय गरि नसके जनाउँदै इरानका पूर्वाधार र आणविक केन्द्रहरूलाई लक्षित गरी ठूलो आक्रमण गर्ने तिर अघि बढेको समाचारमा उल्लेख छ। यस अघि इरानसँग कुनै सम्झौता गर्ने प्रयास पनि गर्न सक्ने बताउँदै गत हप्ता ट्रम्पले अमेरिकाले फेरि अर्को बमबारी अभियान सुरु गर्न सक्ने वा इरान कुनै सम्झौताका लागि सहमत हुन सक्ने बताएका छन्। राष्ट्रपति ट्रम्पले मध्यावधि निर्वाचन अघि भने इरानमाथि आक्रमण नगर्ने बताएका छन्।

महत्वपूर्ण टेलिफोन नम्बर

एम्बुलेन्स

एम्बुलेन्स (नेपाल रेडक्रस)	: ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी)	: ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति)	: ९८२२४११५८६
शव वाहन	: ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय	: १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय	: ०८३-५२५४९६
विद्युत फ्यूज सेवा	:०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन	: १०९८

विमान स्थल

सुर्खेत	: ०८३-५२१९४५/५२५२१९
जुम्ला	: ०८७-५२०१९०
मुगु ताल्चा :	
हुम्ला	: ०८७-६८००८०
डोल्पा	: ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम)	: ०८८-४०१०४८
नेपालगन्ज	: ०८१-५६५२०५

दमकल

वीरेन्द्रनगर न.पा. :	: १०१
भेरीगंगा न.पा.	: ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा.	: ०८९-४१०२०१

अस्पताल

दैलेख जिल्ला अस्पताल	: ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत	: ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि.	: ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि.	: ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम)	: ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम)	: ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ)	: ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था)	: ९८६८११६०५२
जाजरकोट अस्पताल	: ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा	: ०८७-५५०१११
जिल्ला अस्पताल मुगु	: ०८७-४६०१६२

आजको राशिफल

मेष — आफन्तहरूको साथमा चलिरहेको वादविवाद सुल्झिनेछ। समाजमा नयाँ जिम्मेवारी मिल्नेछ। कलाको क्षेत्रमा विशेष सफलता प्राप्त होला।

वृष — साझेदारी व्यापारमा नयाँ योजनाको सुरुवात गर्न सक्नुहुनेछ । आफ्नो कुरालाई खुलेर राख्ने प्रयास गर्नुहोस् ।

मिथुन — कार्यक्षेत्रमा रुचिगत कार्यमा मन लाग्नेछ। नोकरी वा पेशामा उच्च अधिकारीहरूसँग मनमुटाव हुन सक्ला।

कर्कट — सोचेभन्दा राम्रो सफलता हात लाग्नाले उत्साहित हुनुहुनेछ। सुख सुविधामा धन खर्च हुनेछ। कारोबार विस्तारको लागि दीर्घकालीन योजना बन्नेछ।

सिंह — नकरात्मक मानसिकताले विपरीत प्रभाव पर्नेछ। अरुको लागि श्रम र धन खर्च गर्नुपर्ला । उद्योग र व्यापारमा सोचविचार गरेर लगानी लगाउनुहोस् ।

तुला — व्यक्तित्वमा निखार आउनेछ। कार्यक्षेत्रमा सम्मान बढ्नेछ। उद्योग व्यापारबाट विशेष फाइदा मिल्नेछ।

वृश्चिक — कार्यक्षेत्रमा अनुभवको कमीले लिएका निर्णयहरूमा प्रश्न चिन्ह लाग्न सक्ला। अध्ययनमा प्रगति हुनुका साथै ज्ञानलाई निखार्ने अवसर रहेको छ।

धनु — सरकारी नोकरीमा पदको प्रभावले लाभ मिल्नेछ । यात्रा गर्दा आफ्नो सामानको सुरक्षा स्वयं गरौं ।

मकर — समयमा निर्णय नलिनाले नोक्सानको आशंका रहनेछ। स्वास्थ्यमा खानपिन र आहारविहारको विशेष ध्यान राख्नुहोला।

कुम्भ — कार्यको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ। विद्यार्थी वर्गहरूलाई पठनपाठनमा मन लाग्नेछ । अवसरवादीहरूबाट सावधान रहनुहोला।

मीन — आवश्यक पर्दा सहयोगीहरूले साथ दिनेछन् । विद्यार्थी वर्गहरूले समयको सदुपयोग गर्नुहोला । प्रतियोगी परीक्षामा सफलता मिल्नेछ।

कन्या — व्यापार व्यवसाय आफ्नो बुद्धि र विवेकको प्रयोग गरेर अगाडि बढ्नुहोस् । युवाहरूको लागि करियर बनाउन नयाँ अवसर मिल्नेछ।

श्रम संस्कृति पार्टीका अध्यक्ष साम्पाङ हुम्लामा

युग संवाददाता
हुम्ला, ११ कार्तिक ।

श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्क साम्पाङ दुर्गम क्षेत्रका नागरिकले समान रूपमा सेवासुविधा पाउनुपर्ने बताएका छन्। सुर्खेतबाट दुई दिनको यात्रापछि उनी हुम्लाको विभिन्न कार्यक्रममा सहभागी हुन यहाँ आएका थिए। अदानचुली र सर्केगाड गाउँपालिकामा आयोजित कार्यक्रममा उनी सहभागी समेत भए।

यसक्रममा उनले भने, "राज्यले उपलब्ध गराउने सेवा तथा सुविधाको असमान वितरण भएका कारण शिक्षा, स्वास्थ्य, यातायातलगायत आधारभूत सेवा र सुविधा सहर केन्द्रित छ। यसैका कारण ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिकको सङ्ख्या घट्दै गएको छ।" नागरिकलाई समयअनुसारका आवश्यक सेवासुविधा सबै क्षेत्रमा उपलब्ध गराउन सके मानिसहरू जुनसुकै ठाउँमा पनि बस्न सक्ने उनले बताए।

सो अवसरमा उनले तुइनबाट नदी तर्नुपर्ने बाध्यता अन्त्य गर्ने प्रतिबद्धतासमेत जनाए। सांसद सांसद साम्पाङ को यहाँको भ्रमण सर्केगाड गाउँपालिका-२ स्थित खडीखेतमा कर्णाली नदीमाथी झोलुङ्गे पुल निर्माणसँग जोडिएको बताइएको छ। उक्त स्थानमा स्थानीय नागरिक जोखिम मोलेर तुइनको सहायताले नदी पार गर्न बाध्य भएको विषय सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सार्वजनिक भएपछि उनले झोलुङ्गे पुल निर्माण गर्ने प्रतिबद्धता जनाएका थिए।

उक्त स्थानमा झोलुङ्गे पुल निर्माणका लागि कादुरी नामक गैरसरकारी संस्थाबाट काम अघि बढ्ने प्रक्रिया तय भइसकेको छ। यस्तो अवस्थामा पुल निर्माणको वास्तविक अवस्था, काम सुरु हुने समय र स्थानीयले तुइनबाट नदी तर्नुपर्ने बाध्यता कहिलेसम्म अन्त्य हुन्छ भन्ने विषय चासोको केन्द्रमा रहेको छ। दुर्गम हिमाली जिल्ला हुम्लामा सडक, पुल तथा आधार भूत सेवाको अभावले नागरिकले वर्षौंदेखि विभिन्न समस्या भोग्दै आएका छन्।

मानव बेचबिखन रोकथाम र बाल संरक्षणमा सरोकारवालाबीच समन्वय सुदृढ गर्ने प्रतिबद्धता

सरला सुवेदी
बाँके, ११ कार्तिक ।।

मानव बेचबिखनको रोकथाम तथा नियन्त्रण र बालबालिकासँग सम्बन्धित सामाजिक समस्याहरूको न्यूनीकरणका लागि बर्दियाको राजापुर नगरपालिकामा सरोकारवालाबीच सिकाई, अनुभव आदान प्रदान तथा समन्वय बैठक सम्पन्न भएको छ।

बैठकमा मानव बेचबिखन, लागुऔषध दुरुपयोग, बालविवाह र विद्यालय छाड्ने समस्याको प्रभावकारी सम्बोधनका लागि स्थानीय सरकार, विद्यालय, समुदाय तथा नागरिक समाजबीच सहकार्यलाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिइएको छ।

बाँके युनेस्को क्लब (बीयूसी) र प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सञ्चालित सुरक्षा परियोजनाअन्तर्गत आयोजित बैठक राजापुर नगरपालिकाका उपप्रमुख मनकला कुमारी चौधरीको अध्यक्षतामा सम्पन्न भएको हो। बैठकमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर गिरी, शिक्षा निर्देशक टीकानाथ गोसाई, विभिन्न वडाका अध्यक्ष, इलाका प्रहरी कार्यालय राजापुरका प्रहरी नायब उपरीक्षक (डीएसपी) होमप्रकाश चौधरी, मानव बेचबिखन नियन्त्रणका लागि गठित स्थानीय समिति (एलसीसीएचटी) का सदस्य, सञ्चारकर्मी तथा विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

नगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख अनिता चौधरीले कार्यक्रम सञ्चालन गरेका थिए।

बैठकमा सुरक्षा परियोजनाको प्रगति तथा उपलब्धिहरूको समीक्षा गर्नुका साथै मानव बेचबिखन रोकथाम, बाल संरक्षण र जोखिममा रहेका बालबालिकाको सुरक्षाका क्षेत्रमा देखिएका चुनौतीबारे छलफल गरिएको थियो।

साथै, स्थानीय तहमा सञ्चालन भइरहेका कार्यक्रमलाई प्रभावकारी बनाउन सरोकारवालाबीच सूचना आदानप्रदान, समन्वय र सहकार्यलाई व्यवस्थित बनाउने विषयमा समेत विचारविमर्श भएको थियो।

बाँके राष्ट्रिय निकुञ्जमा हिउँदे पर्यटनको चहलपहल

युग संवाददाता
बाँके, ११ कार्तिक ।

वर्षायाममा रोकिएको जङ्गल सफारी पुनःसुरु भएसँगै बाँके राष्ट्रिय निकुञ्जमा हिउँदे पर्यटनको चहलपहल सुरु भएको छ। मनसुन सकिएसँगै हरियालीले सजिएको निकुञ्जका कच्ची बाटा मर्मत गरी पर्यटकका लागि जङ्गल सफारी पुनः खुला गरिएको गाभर भ्याली सामुदायिक घरबास 'होमस्टे'का अध्यक्ष कृष्ण चौधरीले बताए।

उनका अनुसार, नेपालको सबैभन्दा कान्छो राष्ट्रिय निकुञ्जका रूपमा चिनिने बाँके राष्ट्रिय निकुञ्ज जैविक विविधतले भरिपूर्ण छ। यहाँ पाइने दुर्लभ र संरक्षित वन्यजन्तु 'चौसिङ्गा' (चारवटा सिङ भएको मृग) यस निकुञ्जको मुख्य आकर्षण हो। चौसिङ्गासँगै पाटेबाघ, हात्ती, गैंडा, चितुवा, र विभिन्न प्रजातिका चराचुरुङ्गीको अवलोकन गर्न पाउँदा यहाँ पुग्ने जो कोही रोमाञ्चित हुन्छन्। यस पटक पर्यटकलाई आकर्षित गर्न निकुञ्ज र स्थानीय पर्यटन व्यवसायीले विशेष छुटसहित मात्र रु एक हजारको नयाँ प्याकेज समेत सार्वजनिक गरेका छन्। जसले आन्तरिक तथा बाह्य पर्यटकलाई लोभ्याउन थालेको छ। यो प्याकेजले मध्यमवर्गीय र युवा पर्यटकलाई निकै आकर्षित गरेको छ। यस प्याकेजले कम खर्चमै जङ्गल सफारी र वन्यजन्तु अवलोकनको अनुभव दिलाउने चौधरीले बताए। "वर्षातपछि जङ्गलको रूप नै फेरिएको छ। चारैतिर हरियाली र ताजा हावा छ," गाभर भ्यालीका अध्यक्ष चौधरीले भने, "जङ्गल सफारी पुनः सुरु भएसँगै पर्यटकको आगमन बढ्न थालेको छ। हामी उहाँहरूलाई स्थानीय परिकार र संस्कृतिले स्वागत गर्न आतुर छौं।" पश्चिम नेपालमा सुलभ मूल्यमा साहसिक र प्राकृतिक यात्रा गर्न चाहनेका लागि बाँके राष्ट्रिय निकुञ्ज र गाभर भ्याली अहिले उत्कृष्ट गन्तव्य बनेको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष चिरञ्जीवी वलीले बताए। "सहरी कोलाहलबाट मुक्त भई प्रकृति र स्थानीय संस्कृतिको नजिक पुग्न चाहने पर्यटकका लागि यो मौसम उपयुक्त अवसर हो," उनले भने, "वर्षायामको हरियाली र ओसिलो जङ्गलको आफ्नै आकर्षण हुन्छ भने हिउँदमा जङ्गलको दृश्य, वन्यजन्तको गतिविधि नियाल्ने अवसर र खुला मौसममले सफारीलाई फरक अनुभव दिन सक्छ।" जीपमा बसेर जङ्गलका घुमाउरा बाटा पार गर्दै वन्यजन्तुको खोजी गर्नु, चराचुरुङ्गीको आवाज सुन्नु, प्राकृतिक वनस्पति नियाल्नु र जङ्गलको विशालतालाई महसुस गर्नु आफैंमा एउटा विशेष अनुभव हुने अध्यक्ष वलीले बताए। बाँके राष्ट्रिय निकुञ्जप्रति पर्यटकको आकर्षण बढ्न थालेको छ। आर्थिक वर्ष २०८२/०८३ मा निकुञ्जमा एक हजार ४६६ पर्यटक पुगेका थिए। अघिल्लो आर्थिक वर्ष यो संख्या ६२० र २०८०/०८१ मा ४४४ थियो। बाँके राष्ट्रिय निकुञ्जमा पर्यटन प्रवर्द्धनको लागि निजी क्षेत्रसँग समन्वय गरेर विशेष योजनाका साथ अगाडि बढेको निकुञ्जका प्रमुख वार्डेन वीरेन्द्रप्रसाद कँडेलले जानकारी दिए।

छ हजार शिक्षकको बढुवा पुनरावलोकन हुँदै

युग संवाददाता
काठमाडौं, ११ कार्तिक ।

शिक्षक सेवा आयोगले बढुवा योग्यताक्रम सूचीमा परेका करिब ६ हजार शिक्षकको उजुरीको पुनरावलोकनको नतिजा प्रकाशनलाई तीव्रता दिएको छ। आयोगका प्रवक्ता परशुराम तिवारीका अनुसार बढुवा सिफारिस समितिको सचिवालयबाट गरिएको निर्णयअनुसार ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवाको योग्यताक्रम सूची धमाधम प्रकाशन गरिएको हो। 'शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि, २०७८' (संशोधनसहित) को परिच्छेद १५ अन्तर्गत व्यवस्था भएबमोजिम आयोगले प्राप्त कागजात र प्रमाणहरुको अध्ययन गरी सम्बन्धित जिल्ला तथा तहका शिक्षकको बढुवा नतिजा कायम गर्ने गरी नतिजा प्रकाशन थालेको आयोगले जनाएको छ।

मुगुको...

अख्तियारले दायर गरेको मुद्दामा प्रत्येकसँग ३९ लाख ४० हजार तीन सय नौ रुपैयाँ बिगो मागदाबी गरिएको छ। मुगुको खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालयले कमिसन खाई डीपीआर (डिटेल प्रोजेक्ट रिपोर्ट) तयार गरेको भन्ने उजुरी परेपछि अख्तियारले अनुसन्धान अघि बढाएको थियो। अनुसन्धान हुँदा आर्थिक वर्ष २०७६/७७ मा खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय, मुगुले खानेपानी योजनाहरूको डीपीआर निर्माण गर्ने कार्यको लागि परामर्श सेवा खरिद गर्न प्रचलित खरिद कानुनविपरीत प्याकेजिङ गरेको पाइएको अख्तियारले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ। उनीहरूले फर्जी कागजात तयार गरी मूल्यांकन प्रतिवेदन तयार गरेको र सोको आधारमा भुट्टा बिल भरपाई बनाई ३९ लाख ४० हजार ३०९ रुपैयाँ सरकारी सम्पत्ति हिनामिना गरेको अख्तियारले जनाएको छ।

कोप-३१ मा जलवायु न्यायको आवाज बुलन्द गर्न सुझाव

युग संवाददाता
काठमाडौं, ११ कार्तिक ।

जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन (कोप-३१) मा जलवायु न्यायको मागसहित नेपालका विषयलाई प्राथमिकताका साथ उठाउन नागरिक समाजका तर्फबाट सुझाव दिइएको छ।

गैरसरकारी संस्था महासङ्घ नेपालद्वारा आज यहाँ आयोजित 'हिमालदेखि समुद्रसम्मः भोटेकोशी र बूढीगण्डकी विपद्को सन्दर्भमा जलवायु न्यायको मागसहित कोप-३१ मा नेपालको अडान' विषय अन्तरक्रियामा त्यस्तो सुझाव दिइएको हो।

महासङ्घका अध्यक्ष अर्जुन भट्टराईले २५ बुँदे साझा अवधारणापत्र तथा सुझाव कृषि, वन तथा पर्यावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा महेश्वर ढकाललाई हस्तान्तरण गरेका थिए। एक सयभन्दा बढी गैरसरकारी संस्थाहरूको सामूहिक सहभागितामा तयार पारिएको उक्त अवधारणापत्रले जलवायु न्याय, हानि तथा नोक्सानी, पहुँचयोग्य जलवायु वित्त, हिमाल तथा हिममण्डलको संरक्षण, जलवायु अनुकूलन, न्यायोचित रूपान्तरण र जोखिममा रहेका समुदायको अधिकार तथा संरक्षणलाई प्राथमिकतामा राखेको छ। अवधारणापत्र बुझेपछि सहसचिव डा ढकालले कोप-३१ मा नेपालको तयारी, उठाउने विषय र सहभागिताका सन्दर्भमा जानकारी गराएका थिए।

साथै उनले अन्तरराष्ट्रिय मञ्चमा जलवायु न्यायको विषयलाई प्रभावकारी बनाउन सरकारका साथै नागरिक समाज र सञ्चार क्षेत्रको भूमिका पनि महत्वपूर्ण हुने उल्लेख गरे।

सो अवसरमा अध्यक्ष भट्टराईले विश्व तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्ने प्रतिबद्धता नेपालको प्रमुख प्राथमिकता हुनुपर्नेमा जोड दिए। साथै उनले भोटेकोशी र बूढीगण्डकी लगायतका विपद् का घटनाले जलवायु सङ्कटको गम्भीरता र अन्तरराष्ट्रिय उत्तरदायित्वको आवश्यकतालाई थप उजागर गरेको बताए। कोप-३१ आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीको अन्टाल्या सहरमा आयोजना हुँदैछ।

कार्यक्रम क्लिन इनर्जी नेपाल, अक्सफाम, किर्डाक, डिसिए, लिबर्ड, प्रकृति रिसोर्सेस सेन्टर, एनडब्लुसिएफ, फेकोफनलगायत जलवायु न्याय र वातावरणीय दिगोपनाका क्षेत्रमा कार्यरत नागरिक समाजका साझेदार संस्थाहरूको सहकार्यमा आयोजना गरिएको थियो।

कार्यक्रममा सहभागीहरूले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून योगदान रहे पनि बाढी, पहिरो, हिमाली पारिस्थितिक प्रणालीमा देखिएका जलवायु परिवर्तनको प्रभावलगायत जलवायु सङ्कट भोग्नुपरेको लगायत विषयमा आफ्ना धारणा व्यक्त गरेका थिए।

पाँच

खड्का जेन-जी आन्दोलन पश्चात पेचिलो बनेको नेतृत्व हस्तान्तरणको मुद्दाले कांग्रेस विभाजित हुँदा तत्कालिन सभापति देउवाको खेमाबाट आधिकारिकता खोज्दै अदालत पुगेका थिए। तत्कालिन महामन्त्री थापा विशेष महाधिवेशनबाट सभापति बनेपछि कांग्रेसमा पोजिसनको लडाईं अन्ततः पार्टी विभाजनको तहसम्मै पुगेको थियो।

खड्काले देउवा नेतृत्वको कांग्रेस नै आधिकारिक भनेर सर्वोच्चमा दायर गरेको रिट विचाधिन छ। तर, विशेष महाधिवेशनबाट सभापति भएर नियमित १५ औं महाधिवेशनबाट थापा कांग्रेस सभापतिमा अनुमोदन भइसकेका छन्।

देउवा अदालतले आफ्नो पक्षमा फैसला गर्ने आशासहित थापालाई सभापति नमान्ने पक्षमा पुगेपनि चार तारे झण्डा र रुख चिन्ह लिएर कार्यकर्तालाई महाधिवेशनमा खटाएका छन्। देउवा समूहको महाधिवेशन कार्यतालिकाअनुसार १५ कार्तिकभित्र जिल्ला अधिवेशन सम्पन्न गरेर ४ मंसिरभित्र सातै प्रदेशको अधिवेशन सम्पन्न गर्नुपर्ने छ। तर, कर्णालीमा जिल्ला अधिवेशन नै निर्धारित समयभित्र सम्पन्न हुने वा नहुने भन्नेमा अन्यौलता देखिएको अवस्थामा प्रदेश अधिवेशन प्रभावित हुने निश्चित प्राय देखिन्छ।

सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

ठिङ्गी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, सिम्ता ६, सुर्खेत
पाखापानी आग्राचौर गायाखोला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, सिम्ता ७, सुर्खेत

को
संयुक्त खरिद समिति
सिम्ता, सुर्खेत

सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित सूचना मितिः २०८३ कार्तिक १२ गते

एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम, हेल्भेटास नेपालको आर्थिक सहयोगमा स्थानीय साझेदार संस्था सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेतको सहजीकरणमा सिम्ता गाउँपालिका, सुर्खेतमा संचालित खानेपानी तथा सरसफाइ योजनाहरुको लागि खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले सिलवन्दी दरभाउपत्रमा उल्लेख गरिएको शर्तहरु र सामाग्रीको गुणस्तर (स्पेसिफिकेशन) बमोजिमको सामाग्रीहरु सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका आपूर्तिकर्ता, फर्म वा कम्पनिवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोछ।

प्याकेज १ :

समुह क : एच.डि.पि.ई. पाइप, जि.आई. पाइप, जि.आई./ब्रास फिटिङ्ग, औजार, अन्य साामाग्रीहरु (सरिया, ग्याविन तार, काँडेतार, वाइडिङ्ग तार, कुखुरेजाली, टंकी इत्यादि)
समुह ख : फलामे निर्माण सामाग्री (फेब्रिकेटेड सामाग्रीहरु)
समुह ग : सिमेन्ट (ओ.पि.सि. ४३ ग्रेड)

शर्तहरुः

१. दरभाउपत्र निम्न स्थानमा निःशुल्क उपलब्ध हुने वा लिङ्कबाट डाउनलोड गर्न सकिने छ। सिलवन्दी दरभाउपत्र पाइने स्थानः सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेत अथवा, सिलवन्दी दउभाउपत्र डाउनलोड गर्नका लागि लिङ्कः https://notice.helvetasnepal.org वा www.sundarnepal.org.np दरभाउपत्र डाउनलोड वा प्राप्त गर्न केही समस्या भएमा ०८३ ५२३५३० वा ९७४५५१८८६६ (संयोजक-संयुक्त खरिद समिति) नं. मा सम्पर्क गर्न सकिनेछ।
२. दरभाउपत्र बुझाउने अन्तिम मिति र स्थान : दरभाउपत्र बुझाउने अन्तिम मितिः २०८३ मंसिर ०७ गते (२३ नोभेम्बर २०२६), दिउँसो १२:०० बजे भित्र दरभाउपत्र बुझाउने स्थानः सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेत फोन नं.०८३ ५२०९२६, ५२३५३० म्याद नाघी वा रित नपुगी आएका दरभाउपत्र उपर कुनै कार बाही हुने छैन।
३. दरभाउपत्र पेश गर्ने सप्लायरले संयुक्त खरिद समिति वा उपभोक्ता समितिले जारि गरेको परिमाण सुची (Bill of quantity) मा मात्र दरभाउ पेश गर्नु पर्नेछ। अन्य कागजमा भरिएको दरभाउ पत्रलाई मान्यता दिइने छैन।
४. सिलवन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थानः मितिः २०८३ मंसिर ०७ गते (२३ नोभेम्बर २०२६), दिउँसो १:०० बजे स्थानः सुन्दर नेपाल संस्था, केन्द्रीय कार्यालय विरेन्द्रनगर, सुर्खेतको कार्यालय सिलवन्दी दरभाउपत्र दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउ पत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
५. सामाग्री खरिद सम्झौता बमोजिम तोकिएको स्थान सम्म सामाग्री ढुवानी भै उपभोक्ता समितिले सामाग्री चेकजांच र प्राप्त गरे पछि मात्र आपूर्तिकर्तालाई भुक्तानी गर्नेछ।
६. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना अहिले प्रकाशित भएका पत्रिकाहरु वा माध्यमबाट नै गरिने छ।
७. दरभाउपत्र पेश गर्दा सिलवन्दी दरभाउपत्र साथ नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट ७५ दिन मान्य अवधि (दरभाउपत्र खोलिने मिति देखि गणना हुनेगरी) भएको सक्कल बैंक जमानत दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ। जमानत जारी गर्नु पर्ने नाम (Beneficiary Name) : THIGNI KHANEPANI TATHA SARSAFAI UPABHOKTA SAMITI जमानत रकम रु. : १,३८,०००.०० (अक्षरेपी एक लाख अठतिस हजार रुपैया मात्र)
८. दर्ता भएका सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संयुक्त खरिद समिति, सिम्ता, सुर्खेतमा सुरक्षित रहनेछ।

सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

मेलटाकुरा दुदिल्ला भयारपन्ना खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, चिंगाड ३, सुर्खेत
तिखेढुंगा वादाशाला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, चिंगाड २, सुर्खेत

को
संयुक्त खरिद समिति
चिंगाड, सुर्खेत

सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित सूचना मितिः २०८३ कार्तिक १२ गते

एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम, हेल्भेटास नेपालको आर्थिक सहयोगमा स्थानीय साझेदार संस्था सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेतको सहजीकरणमा चिंगाड गाउँपालिका, सुर्खेतमा संचालित खानेपानी तथा सरसफाइ योजनाहरुको लागि खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले सिलवन्दी दरभाउपत्रमा उल्लेख गरिएको शर्तहरु र सामाग्रीको गुणस्तर (स्पेसिफिकेशन) बमोजिमको सामाग्रीहरु सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका आपूर्तिकर्ता, फर्म वा कम्पनिवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हानक गरिएकोछ।

प्याकेज १ :

समुह क : एच.डि.पि.ई. पाइप, जि.आई. पाइप, जि.आई./ब्रास फिटिङ्ग, औजार, अन्य साामाग्रीहरु (सरिया, ग्याविन तार, काँडेतार, वाइडिङ्ग तार, कुखुरेजाली, टंकी इत्यादि)
समुख ख : फलामे निर्माण सामाग्री (फेब्रिकेटेड सामाग्रीहरु)
समुह ग : सिमेन्ट (ओ.पि.सि. ४३ ग्रेड)

शर्तहरुः

१. दरभाउपत्र निम्न स्थानमा निःशुल्क उपलब्ध हुने वा लिङ्कबाट डाउनलोड गर्न सकिने छ। सिलवन्दी दरभाउपत्र पाइने स्थानः सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेत अथवा, सिलवन्दी दरभाउपत्र डाउनलोड गर्नका लागि लिङ्कः https://notice.helvetasnepal.org वा www.sundarnepal.org.np दरभाउपत्र डाउनलोड वा प्राप्त गर्न केही समस्या भएमा ०८३ ५२३५३० वा ९८४४८२ ९८१७ (संयोजक-संयुक्त खरिद समिति) नं. मा सम्पर्क गर्न सकिनेछ।
२. दरभाउपत्र बुझाउने अन्तिम मिति र स्थानः दरभाउपत्र बुझाउने अन्तिम मितिः २०८३ मंसिर ०७ गते (२३ नोभेम्बर २०२६), दिउँसो १२:०० बजे भित्र दरभाउपत्र बुझाउने स्थानः सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेत फोन नं. ०८३ ५२० ९२६, ५२३५३० म्याद नाघी वा रित नपुगी आएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।
३. दरभाउपत्र पेश गर्ने सप्लायरले संयुक्त खरिद समिति वा उपभोक्ता समितिले जारि गरेको परिमाण सुची (Bill of quantity) मा मात्र दरभाउ पेश गर्नु पर्नेछ। अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन।
४. सिलवन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थानः मितिः २०८३ मंसिर ०७ गते (२३ नोभेम्बर २०२६), दिउँसो २:०० बजे स्थानः सुन्दर नेपाल संस्था, केन्द्रीय कार्यालय विरेन्द्रनगर, सुर्खेतको कार्यालय सिलवन्दी दरभाउपत्र दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउ पत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
५. सामाग्री खरिद सम्झौता बमोजिम तोकिएको स्थान सम्म सामाग्री ढुवानी भै उपभोक्ता समितिले सामाग्री चेकजांच र प्राप्त गरे पछि मात्र आपूर्तिकर्तालाई भुक्तानी गर्नेछ।
६. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना अहिले प्रकाशित भएका पत्रिकाहरु वा माध्यमबाट नै गरिने छ।
७. दरभाउपत्र पेश गर्दा सिलवन्दी दरभाउपत्र साथ नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट ७५ दिन मान्य अवधि (दरभाउपत्र खोलिने मिति देखि गणना हुनेगरी) भएको सक्कल बैंक जमानत दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ। जमानत जारी गर्नु पर्ने नाम (beneficiary name) : TIKHEDHUNGA BADASHALA KHANEPANI TATHA SARSAFAI UPABHOKTA SAMITI जमानत रकम रु. : ५२,०००.०० (अक्षरेपी बाउन्न हजार रुपैया मात्र)
८. दर्ता भएका सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संयुक्त खरिद समिति, चिंगाड, सुर्खेतमा सुरक्षित रहनेछ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०९/२३ मा दर्ता भएको प्रा.लि. नं. २३२१७२ को **एक्युरेसी ईन एक्सन जब नेपाल** प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री रिता बुढा धनि रहेको, दर्ता नम्बर १९३३/०७०/७१ बाट लाटीकोइली-९, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ठा कायम रहेको श्री व्यावसयिक पशुपालन तथा तरकारी उत्पादन केन्द्र नामको प्राइभेट उद्योग हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री हिमकुमारी उपाध्याय धनि रहेको, दर्ता नम्बर २९७०/०७३/०७४ बाट वीरेन्द्रनगर न.पा.-१८, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ठा कायम रहेको श्री सामेल निर्माण सेवा नामको प्राइभेट उद्योग हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रूपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कञ्चनपुरका स्थानीय तहलाई रासायनिक मलको कोटा निर्धारण

युग संवाददाता
कञ्चनपुर, ११ कार्तिक ।

कृषि सामग्री कम्पनी लिमिटेड महेन्द्रनगर शाखाले यहाँका स्थानीय तहलाई रासायनिक मलको कोटा निर्धारण गरेको छ। कम्पनीले युरिया र डिएपी मलको कोटा निर्धारण गरिएको महेन्द्रनगर शाखाका प्रबन्धक हेमराज जोशीले जानकारी दिए। उनका अनुसार प्रदेश मल वितरण व्यवस्थापन समितिबाट महेन्द्रनगर शाखालाई प्राप्त हुने ५४१ मेट्रिक टन युरिया र ४८७ मेट्रिक टन डिएपी मलको कोटा निर्धारण गरिएको हो।

जिल्लाको भीमदत्त नगरपालिकालाई १०३ मेट्रिक टन युरिया र ९३ मेट्रिक टन डिएपी मलको कोटा निर्धारण गरिएको छ। बेदकोट नगरपालिकाका लागि ९५ मेट्रिक टन युरिया र ८५ मेट्रिक टन डिएपी मलको कोटा निर्धारण गरिएको छ। त्यसैगरी, यहाँको शुक्लाफाँटा नगरपालिकाका लागि ९५ मेट्रिक टन युरिया र ८६ मेट्रिक टन डिएपीको कोटा निर्धारण गरिएको छ। दोधारा चाँदनी नगरपालिकाका लागि ७९ मेट्रिक टन युरिया र ७१ मेट्रिक टन डिएपी मलको कोटा निर्धारण गरिएको छ। कृष्णपुर नगरपालिकाले १०३ मेट्रिक टन युरिया र ९३ मेट्रिक टन डिएपी मल प्राप्त गर्नेछन्। बेलडाँडी गाउँपालिकाका लागि ६४ मेट्रिक टन युरिया र ५७ मेट्रिक टन डिएपी मलको कोटा निर्धारण गरिएको छ। "हामीले पालिकाहरूका लागि कोटा निर्धारण गरेका छौं, त्यही कोटाभित्र नगरपालिकाले पालिकाभित्र रहेका सहकारीलाई कति परिमाणमा मलखाद उपलब्ध गराउनुपर्ने हो त्यसको सिफारिस पठाउनुपर्छ," शाखा प्रमुख जोशीले भने, "स्थानीय तहको सिफारिसका आधारमा कम्पनीले सहकारीलाई बुधबारदेखि नै रासायनिक मल वितरण गर्छ।" मल बिक्री गर्ने सहकारीले किसानलाई वितरण गरेको मलको विवरण एफएमएस प्रणालीमा अनिवार्य रूपमा अद्यावधिक गर्नुपर्ने छ। त्यसैगरी, अनुदानको मल वितरण व्यवस्थापन कार्यविधिअनुसार आवश्यक विवरण तथा प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराएर कृषि सामग्री कम्पनीको महेन्द्रनगर शाखामा पेस गर्नुपर्ने छ। कम्पनीले १० दिनभित्र मल लैजान अनुरोध गरेको छ।

सहकारीले गाउँमै दूध सङ्कलन गरेपछि किसानलाई सहज

युग संवाददाता
दाङ, ११ कार्तिक ।

घोराही उपमहानगरपालिका-१ सुकाखोलाका बमबहादुर थापाले दैनिक ९५ लिटर दूध उत्पादन गर्छन्। उनलाई पछिल्लो समय दूध कहाँ बिक्री गर्ने भन्ने चिन्ता छैन। यहीं कात्तिक १ गतेबाट घोराही उपमहानगरपालिका-२ रामपुरमा रहेको साना किसान कृषि सहकारी संस्थाले दूध किनेर बिक्रीको प्रबन्ध मिलाएको छ। जसले गर्दा संस्थाका सदस्य तथा वडा नं १, २ र ४ का पशुपालक किसानलाई सहज भएको उनी बताउँछन्।

थापालाई मात्र होइन उहाँजस्तै धेरै किसानलाई दूध बिक्रीका लागि घोराही आउनुपर्ने बाध्यता हटेको छ। "आफू नै आवद्ध भएको सहकारी संस्थामा दिन्छौं", थापाले भने, "सहकारीमार्फत दूध बेच्न निकै सजिलो भएको छ।" मासिक करिब रु दुई लाखको दूध घर नजिकैबाट बिक्री गर्न पाउँदा उनी खुशी छन्। मासिक रूपमा एक एक लाख ८० हजारदेखि दुई लाखसम्मको कारोकार गर्दै आएको र त्यसबाट आधा रकम बचत गर्ने गरेको उनले बताए।

वि.सं. २०७७ बाट सुकाली गाई फार्म सञ्चालन गरेर गाईपालन गर्दै आएका थापाको फार्ममा अहिले सानाठूला गरेर २१ वटा गाई छन्। उमेरले ४२ वर्ष पुगेका उनले दूध बिक्रीका लागि घोराही आउनुपर्ने बाध्यता अन्त्य हुँदा पैसा र समयको बचत भएकाले यो कार्यलाई सहकारीले आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने उनको भनाइ छ। पछिल्लो समय गाउँमै सहकारीले दूध सङ्कलन गर्न थालेपछि बजारका डेरीहरूले दूध नपाइने चिन्तालै पशु सुत्केरी भत्ताबापत रु दुई हजार ५०० दिने कार्य यहीं कात्तिक १ गतेबाट सुरु गरेको हुँदा यसले अन्य किसानलाई फाइदा पुगेको उनले बताए।


हाल सहकारीले किसानबाट दैनिक ७५० लिटर बढी दूध सङ्कलन गर्दै आएको संस्थाका अध्यक्ष गुरुप्रसाद खनाले बताए। संस्थाका सदस्यलाई अनिवार्य र अन्य किसानले लिए राख्ने गरिएको उनको भनाई छ। अध्यक्ष खनाल स्वयंले पनि पशुपालन गर्दै आएका छन्। उनले दैनिक १०० लिटरभन्दा बढी दूध उत्पादन गर्दै आएको बताए। उनको फार्ममा अहिले सानाठूला गरेर २० वटा गाई छन्। "किसानबाट भैंसीको ८० रुपैयाँ र गाईको दूध ७० रुपैयाँ लिटर खरिद गर्दै आएका छौं",

अध्यक्ष खनालले भने, "आफूहरूले होलसेलमा भैंसीको ८५ रुपैयाँ र गाईको दूध भने ७५ रुपैयाँ लिटर बिक्री गर्ने गरिएको उनले बताए।

आधुनिकीकरणका...

तिनमा स्थानीय हावापानीसँग अनुकूलन, पालनसम्बन्धी अनुभव, आनुवंशिक विविधता र स्थानीय खाद्य प्रणालीको निरन्तरतासँग जोडिएका पक्षसमेत हुन्छन्।

रैथाने पशुपन्छीको संरक्षण गर्नु भनेको सबै आधुनिक नश्ल वा प्रविधिलाई अस्वीकार गर्नु होइन। स्थानीय नश्लको उपयोगिता पहिचान गर्दै वैज्ञानिक प्रजनन्, उचित पालन र जैविक विविधताको संरक्षणलाई सँगसँगै अघि बढाउनु हो। स्थानीय नश्ल गुम्दै जानु भनेको भविष्यमा उपयोगी हुन सक्ने आनुवंशिक स्रोत र खाद्य प्रणालीका विकल्प कमजोर हुनु पनि हो। हामीले आधुनिक हुनुको अर्थ आफ्ना सबै रैथाने आधार भत्काउनु ठानेका छौं कि भन्ने प्रश्न गम्भीर छ। एउटा संस्कृति कमजोर हुँदा त्यससँग जोडिएको वनस्पतिको संरक्षण, त्यसको उपयोगसम्बन्धी ज्ञान र समुदायको स्वावलम्बी अर्थतन्त्र पनि प्रभावित हुनसक्छ। यसका साथै वनविनाश, बजारको दबाब, जलवायु परिवर्तन र अव्यवस्थित विकासले समस्या थप जटिल बनाउँछन्। परम्परागत औषधीय ज्ञान र रैथाने सीपको संरक्षण गर्नुको अर्थ वैज्ञानिक रूपमा प्रमाणित आधुनिक चिकित्सा पद्धति र प्रविधिको उपयोग नगर्नु होइन। यसको अर्थ उपयोगी परम्परागत ज्ञानलाई प्रमाणका आधारमा अध्ययन गर्नु, जोखिमबारे सचेत रहनु र आवश्यकताअनुसार आधुनिक प्रविधिसँग समन्वय गर्नु हो। आधुनिक चिकित्सा आवश्यक पर्ने अवस्थामा त्यसको उपयोग गर्नुपर्छ। परम्परागत ज्ञानलाई पनि अन्धविश्वास भनेर पन्छाउनुको सट्टा अध्ययन, अभिलेखीकरण र उपयुक्त संरक्षण गर्नुपर्छ। हामीले आज संरक्षण गर्न सकेनौं भने भोलिका पुस्ताले आफ्नै आँगन, वनजङ्गल र खर्कमा विकसित भएको ज्ञानसँगको सम्बन्ध गुमाउन सक्छन्। त्यसैले वनस्पति र जडीबुटी जोगाउनु भनेको विगतको सम्झनामात्र जोगाउनु होइन, भावी पुस्ताले पनि तिनको पहिचान, उपयोग र सम्भावित लाभबारे जान्न, अध्ययन गर्न र आवश्यकताअनुसार उपयोग गर्न पाउने आधार सुरक्षित गर्नु हो। आधुनिक विज्ञान र परम्परागत ज्ञानबीच संवाद स्थापित गर्दै जैविक विविधता, सांस्कृतिक सम्पदा र मानव स्वास्थ्यको संरक्षण गर्नु नै दिगो आधुनिकीकरणको बाटो हो। (लेखक रैथाने बाली संरक्षण अभियानमा क्रियाशील हुनुहुन्छ)।



९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश ल्याङ्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट


लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

RARA Printing Pvt.Ltd.

रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing

Packaging Box Printing

Wedding Card Printing

Stamp


Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।